१४. **इन्जि., माइनिङ्ग इन्जिनियरिङ्ग समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट माइनिङ्ग विषयमा बी.ई., बी.एस्सी., बी.टेक. वा सो सरह उत्तीर्ण ।
१५. **इन्जि., केमिकल इन्जिनियरिङ्ग समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा केमिकल टेक्नोलोजी विषयमा बी.टेक. वा सो सरह उत्तीर्ण वा पेट्रोलियम टेक्नोलोजी एण्ड म्यानेजमेन्ट विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।
१६. **इन्जि., मेटालर्जिकल समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटालर्जिकल इन्जिनियरिङ्ग वा मेटालर्जी विषयमा बी.ई., बी.एस्सी. वा सो सरह उत्तीर्ण वा मिनरल प्रोसेसिङ्ग विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।
१७. **इन्जि., मेट्रोलोजी समूहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिकशास्त्र वा गणितमा एम.एस्सी. वा मेकानिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण वा विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण गरी मेट्रोलोजी विषयमा कम्तिमा ३ महिनाको तालिम प्राप्त ।
१८. **इन्जि., मेटेरियोलोजी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा बी.एस्सी. वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्ट्याण्डर्ड अनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त ।
१९. **इन्जि., जियोलोजी, जनरल जियोलोजी उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी वा एप्लाइड जियोलोजी वा इन्जिनियरिङ्ग जियोलोजी वा हाइड्रो जियोलोजी वा जियोकेमिष्ट्री वा जियोलोजीकल इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।
२०. **इन्जि., जियोलोजी, हाइड्रो जियोलोजी उपसमूहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रो जियोलोजी विषयमा वा हाइड्रो जियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ्ग वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालिम प्राप्त ।
२१. **इन्जि., जियोलोजी, हाइड्रोजियोलोजी उपसमूहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरीङ्ग जियोलोजी विषयमा वा इन्जिनियरिङ्ग जियोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा हाइड्रोजियोलोजी वा एप्लाइड जियोलोजी वा जियोलोजीकल इन्जिनियरीङ्गमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोफिजिक्स वा जियालोजीकल इन्जिनियरीङ्गमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी इन्जिनियरीङ्ग जियोलोजी सम्बन्धी विषयमा ३ महिनाको तालिम प्राप्त ।
२२. **इन्जि., सि.ए.अ. एण्ड ई., सि.ए.अ. उपसमूहको लागि** - कुनै विषयमा स्नातक भएको र एभिएशन अप्रेशन तथा ग्राउण्ड सर्भिसेज वा पर्सनल लाइसेन्सिङ्ग वा एयर ट्रान्सपोर्ट म्यानेजमेन्टमा वा एयर ट्रान्सपोर्ट म्यानेजमेन्टमा आइ.सी.ए.ओ. बाट मान्यता प्राप्त स्तरको तालिम प्राप्त वा सो सरह ।
२३. **इन्जि., सर्भे समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । तर सम्वत् २०६८ साल भदौ १२ गते सूचना प्रकाशित हुनु अघि इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।
२४. **इन्जि., केमेष्ट्री समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिष्ट्री विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।
२५. **इन्जि., एगृ.इरिगेशन समूहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिचाई विषय लिई एगृ.इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण ।
२६. **कृषि, कृषि प्रसार समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।
२७. **कृषि, बागवानी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।
२८. **कृषि, मत्स्य समूहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य पालन विषय लिई स्नातक तह बी.एस्सी. एगृ./वि.भि.एस्सी./वि.एस्सी. ( पशु विज्ञान)/वि.भि.एस्सी. एण्ड ए.एच. उत्तीर्ण ।
२९. **कृषि, ला.पो. एण्ड डे.डे. समूहको लागि** - पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.(एगृ.) उत्तीर्ण वा बि. टेक.(डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए. एच. वा बी.भी.एस्सी./डि.भि.एम. वा बि. टेक. एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण ।
३०. **कृषि, बाली विकास समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।
३१. **कृषि, बाली संरक्षण समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।
३२. **कृषि, एगृ. इको. एण्ड मार्केटिङ्ग समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ. बिजनेश मुख्य विषय लिई स्नातक तह ( बि.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।
३३. **कृषि, माटो विज्ञानको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।
३४. **कृषि, भेटेरिनरी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी.एस्सी. एण्ड ए.एच.वा बि.भी.एस्सी. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

३५. **कृषि, कृषि इञ्जिनियरिङको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इञ्जिजिनियरिङ विषयमा स्नातक तह (बि.एस्सी. एजी.इञ्जि.) वा सो सरह उत्तीर्ण गरेको ।

३६. **कृषि, खा.पो. तथा गु.नि. समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ बर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरीङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरीङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्नोलोजी/खाद्य माइक्रोवायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य वायोकेमिष्ट्री/मानव पोषण विषयहरुमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण ।

**कृषि सेवाका विभिन्न समूहको लागिः-** मिति २०६९।८।२५ मा प्रकाशित नेपाल राजपत्र भाग ५ को सूचना बमोजिम स्पष्टिकरणमा उल्लेख भएबमोजिम "माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडी सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुने छ ।"

३७. **वन, जनरल फरेष्ट्री समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्वर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।

३८. **वन, स्वायल एण्ड वाटर कन्जरभेशन समूहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इञ्जिनियरिङ्ग वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

३९. **वन, बोटानी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय बोटानी लिई विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।

४०. **वन, नेशलन पार्कस् एण्ड वाइल्ड लाइफ समूहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्कस् एण्ड रिक्रियसन वा प्राकृतिक श्रोत व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

४१. **विविध, कम्प्युटर इञ्जिनियर पदको लागि** - कम्प्युटर इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन इञ्जिनियरिङ्गमा स्नातक ।

४२. **विविध, समाजशास्त्री पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्र वा मानवशास्त्रमा स्नातकोत्तर उत्तीर्ण ।

४३. **विविध, महिला विकास अधिकृत पदको लागि (महिलाको लागि मात्र)-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

४४. **विविध, वातावरण विद्/ वातावरण निरीक्षक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

४५. **विविध, रेखा विशेषज्ञ पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको र स्वीकृत संस्थाबाट रेखा विज्ञान विषयमा कम्तीमा छ महिनाको अटुट तालिम प्राप्त ।

४६. **विविध, टेक्सटाईल इञ्जिनियर पदको लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टेक्सटाईल इञ्जिनियरिङ्ग वा टेक्सटाइल टेक्नोलोजीमा स्नातकोपाधी वा सो सरह उत्तीर्ण ।

४७. **शिक्षा, शिक्षा प्रशासन, निरीक्षण उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

४८. **शिक्षा, शिक्षा प्रशासन, शारीरिक शिक्षा उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य तथा शारीरिक शिक्षा मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण वा शारीरिक शिक्षामा स्नातक वा सो सरह उत्तीर्ण ।

४९. **शिक्षा, पुरातत्व, पुरातत्व उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुरातत्व विषयमा स्नातक वा सो सरह उत्तीर्ण वा इतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा स्नातक वा सो सरह उत्तीर्ण भई पुरातत्व वा नृतत्व वा अभिलेख विज्ञानमा डिग्री वा डिप्लोमा उत्तीर्ण ।

५०. **शिक्षा, पुरातत्व, संग्रहालय उपसमूहको लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट संग्राहलय विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण वा इतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा स्नातक वा सो सरह भई संग्रहालय विज्ञानमा डिप्लोमा उत्तीर्ण ।

५१. **शिक्षा, परीक्षण, कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूहको लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मनोविज्ञानमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

५२. **शिक्षा, पुस्तकालय विज्ञान समूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातक वा स्नातक वा सो सरह उत्तीर्ण भई पुस्तकालय विज्ञानमा मान्यताप्राप्त संस्थाबाट घटीमा ६ महिना तालिम प्राप्त ।

५३. **शिक्षा, कला, चित्रकला समूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकलामा स्नातक वा सो सरह उत्तीर्ण वा स्नातक भई चित्रकलामा कम्तीमा ६ महिनाको तालिम प्राप्त ।

५४. **व्यवस्थापिका संसद, शिक्षा तथा मुद्रण समूहको लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातकोपाधि प्राप्त वा कुनै पनि विषयमा स्नातक भई पुस्तकालय विज्ञानमा मान्यता प्राप्त संस्थाबाट घटीमा ६ महिनाको तालिम प्राप्त ।

**नोटः- क) निजामती सेवाका पदहरुको सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम र व्यवस्थापिका संसद सेवाका पदहरुको सम्बन्धमा व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।**

**ख) समान श्रेणीको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त लिइने छैन ।**

**ग) अयोगको मिति २०७२।७।२४ को निर्णयानुसार नेपाल आर्थिक योजना तथा तथ्याङ्क, नेपाल इञ्जिनियरिङ्ग, नेपाल कृषि, नेपाल वन, नेपाल विविध र नेपाल शिक्षा सेवाका राजपत्रांकित तृतीय श्रेणीका पदहरुको द्वितीय चरणमा १० पूर्णाङ्कको सामूहिक परीक्षण** (Group Test) **परीक्षा सञ्चालन हुनेछ ।**

# स्वास्थ्य सेवाका आठौं र सातौं तहका आ.प्र., खुला र समावेशी पदको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

## सूचना नं.३९२/०७२-७३

स्वास्थ्य सेवाका विभिन्न समूह, उपसमूह तथा तहका पदहरु आ.प्र., खुला र समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट आयोगद्वारा स्वीकृत फाराम भरी अनलाईन (online) दरखास्त आह्वान गरिन्छ ।

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह र तह | आ.प्र., खुला र समावेशी | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र विहान ८:०० बजे | द्वितीय पत्र विहान ८:०० बजे |
| १. | १७३८८/०७२-७३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | खुला | | १२० (एकसय बिस) | १२० (एकसय बिस) | २०७२/१२/२२ | २०७२/१२/२३ |
| २. | १७३८९/०७२-७३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | महिला | | ३३ (तैतिस) | ३३ (तैतिस) | | |
| ३. | १७३९०/०७२-७३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | आदिवासी /जनजाति | | २६ (छब्बिस) | २६ (छब्बिस) | | |
| ४. | १७३९१/०७२-७३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | मधेसी | | २२ (बाइस) | २२ (बाइस) | | |
| ५. | १७३९२/०७२-७३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | दलित | | ९ (नौं) | ९ (नौं) | | |
| ६. | १७३९३/०७२-७३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | अपाङ्ग | | ५ (पाच) | ५ (पाच) | | |
| ७. | १७३९४/०७२-७३ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | पिछडिएको क्षेत्र | | ४ (चार) | ४ (चार) | | |
| ८. | १७३९५/०७२-७३ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं | खुला | | २ (दुई) | २ (दुई) | २०७२/१२/१ | २०७२/१२/२ |
| ९. | १७३९६/०७२-७३ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं | महिला | | १ (एक) | १ (एक) | | |
| १०. | १७३९७/०७२-७३ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं | आ.ज. | | १ (एक) | १ (एक) | | |
| ११. | १७३९८/०७२-७३ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं | दलित | १ (एक) | | १ (एक) | | |

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह र तह | आ.प्र., खुला र समावेशी | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र विहान ८:०० बजे | द्वितीय पत्र विहान ८:०० बजे |
| १२. | १७३९९/०७२-७३ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं | खुला | | २ (दुई) | २ (दुई) | २०७२/१२/२४ | २०७२/१२/२६ |
| १३. | १७४००/०७२-७३ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं | महिला | | १ (एक) | १ (एक) | | |
| १४. | १७४०१/०७२-७३ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं | आदिवासी /जनजाति | | १ (एक) | १ (एक) | | |
| १५. | १७४०२/०७२-७३ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं | मधेसी | | १ (एक) | १ (एक) | | |
| १६. | १७४०३/०७२-७३ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं | दलित | १ (एक) | | १ (एक) | | |
| १७. | १७४०४/०७२-७३ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं | अपाङ्ग | १ (एक) | | १ (एक) | | |
| १८. | १७४०५/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | आ.प्र. | | ११ (एघार) | ११ (एघार) | २०७२/१२/२८ | २०७२/१२/२९ |
| १९. | १७४०६/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | खुला | | २० (बिस) | २० (बिस) | | |
| २०. | १७४०७/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | महिला | | ५ (पाँच) | ५ (पाँच) | | |
| २१. | १७४०८/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | आदिवासी /जनजाति | | ४ (चार) | ४ (चार) | | |
| २२. | १७४०९/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | मधेसी | | ३ (तीन) | ३ (तीन) | | |
| २३. | १७४१०/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | दलित | | २ (दुई) | २ (दुई) | | |
| २४. | १७४११/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | अपाङ्ग | | १ (एक) | १ (एक) | | |
| २५. | १७४१२/०७२-७३ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ | पि.क्षे. | | १ (एक) | १ (एक) | | |
| २६. | १७४१३/०७२-७३ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं | आ.प्र. | | २ (दुई) | २ (दुई) | २०७२/१२/३ | २०७२/१२/४ |
| २७. | १७४१४/०७२-७३ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं | खुला | | ५ (पााच) | ५ (पााच) | | |
| २८. | १७४१५/०७२-७३ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं | महिला | | १ (एक) | १ (एक) | | |
| २९. | १७४१६/०७२-७३ | स्वास्थ्य शिक्षा अधिकृत, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं | आ.ज | | १ (एक) | १ (एक) | | |
| ३०. | १७४१७/०७२-७३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं | आ.प्र. | | १ (एक) | १ (एक) | २०७२/१२/५ | २०७२/१२/७ |
| ३१. | १७४१८/०७२-७३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं | खुला | | २ (दुई) | २ (दुई) | | |
| ३२. | १७४१९/०७२-७३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं | महिला | | १ (एक) | १ (एक) | | |
| ३३. | १७४२०/०७२-७३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं | आ.ज. | | १ (एक) | १ (एक) | | |
| ३४. | १७४२१/०७२-७३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं | मधेसी | | १ (एक) | १ (एक) | | |
| ३५. | १७४२२/०७२-७३ | जनस्वास्थ अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन, सातौं | आ.प्र. | | ८ (आठ) | ८ (आठ) | २०७२/१२/१२ | २०७२/१२/१४ |
| ३६. | १७४२३/०७२-७३ | जनस्वास्थ अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन, सातौं | खुला | | १२ (बाह्र) | १२ | | |
| ३७. | १७४२४/०७२-७३ | जनस्वास्थ अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन, सातौं | महिला | | ३ (तीन) | ३ (तीन) | | |
| ३८. | १७४२५/०७२-७३ | जनस्वास्थ अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन, सातौं | आदिवासी /जनजाति | | ३ (तीन) | ३ (तीन) | | |
| ३९. | १७४२६/०७२-७३ | जनस्वास्थ अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन, सातौं | मधेसी | | २ (दुई) | २ (दुई) | | |
| ४०. | १७४२७/०७२-७३ | जनस्वास्थ अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन, सातौं | दलित | | २ (दुई) | २ (दुई) | | |
| ४१. | १७४२८/०७२-७३ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी, सातौं | आ.प्र. | | २ (दुई) | २ (दुई) | २०७२/१२/८ | २०७२/१२/११ |
| ४२. | १७४२९/०७२-७३ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी, सातौं | खुला | | ३ (तीन) | ३ (तीन) | | |
| ४३. | १७४३०/०७२-७३ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी, सातौं | महिला | | १ (एक) | १ (एक) | | |
| ४४. | १७४३१/०७२-७३ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी, सातौं | आ.ज. | | १ (एक) | १ (एक) | | |
| ४५. | १७४३२/०७२-७३ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं | खुला | | २ (दुई) | २ (दुई) | २०७२/१२/१७ | २०७२/१२/१८ |
| ४६. | १७४३३/०७२-७३ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं | महिला | | २ (दुई) | २ (दुई) | | |
| ४७. | १७४३४/०७२-७३ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं | आदिवासी /जनजाति | | १ (एक) | १ (एक) | | |
| ४८. | १७४३५/०७२-७३ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं | मधेसी | | १ (एक) | १ (एक) | | |
| ४९. | १७४३६/०७२-७३ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं | अपाङ्ग | | १ (एक) | १ (एक) | | |
| ५०. | १७४३७/०७२-७३ | मेडिकल रेकर्डर अधिकृत, स्वास्थ्य, मेडिकल रेकर्डस, सातौं | आ.प्र. | | १ (एक) | १ (एक) | २०७२/१२/१५ | २०७२/१२/१६ |
| ५१. | १७४३८/०७२-७३ | मेडिकल रेकर्डर अधिकृत, स्वास्थ्य, मेडिकल रेकर्डस, सातौं | खुला | | २ (दुई) | २ (दुई) | | |
| ५२. | १७४३९/०७२-७३ | मेडिकल रेकर्डर अधिकृत, स्वास्थ्य, मेडिकल रेकर्डस, सातौं | महिला | | १ (एक) | १ (एक) | | |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** विद्यालय निरीक्षक पदको लागि आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत र सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलमा लिखित परीक्षा हुनेछ र अन्य पदहरुको हकमा काठमाडौंमा परीक्षा सञ्चालन हुनेछ ।

**परीक्षा दस्तुर:-** निजामती सेवाको रा.प. तृतीय श्रेणीको लागि रु. १०००।- (एक हजार) बुझाउनु पर्ने र त्यसपछिका थप प्रत्येक अन्य किसिम/समूहका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**परीक्षा दस्तुर बुझाउने स्थान :-** आयोगको केन्द्रीय कार्यालय, काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु ।

**दरखास्त बुझाउने माध्यम :-** विज्ञापित सबै पदहरुमा अनलाइन (Online) मार्फत् मात्र दरखास्त बुझाउनु पर्नेछ । अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विवरण तथा ध्यान दिनुपर्ने विषयहरु आयोगको वेबसाइट तथा यस सूचनाको तल उल्लेख गरिएको छ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७२।८।१५ सम्म र दोब्बर दस्तुर २०७२।८।२२ सम्म ।

**प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः-**लिखित परीक्षाको नतिजा प्रकाशित हुंदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

**तलबः-** प्रचलित स्केल बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## आवश्यक न्यूनतम योग्यता

### (क) आ.प्र.को लागि

१. स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन), को दफा २६ र स्वास्थ्य सेवा नियमावली २०५५ (संशोधन सहित) नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको र ऐनको दफा २७ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

### (ख) खुलाको लागि

१. **स्वास्थ्य, ज.हे.स.,मेडिकल अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त ।

२. **स्वास्थ्य, डेन्टिष्ट्री, डेन्टल सर्जन पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त ।

३. **स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आयुर्वेद चिकित्सक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधि प्राप्त ।

४. **स्वास्थ्य, जनरल नर्सिङ्ग, नर्सिङ्ग अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातक उपाधि प्राप्त ।

५. **स्वास्थ्य, फिजियोथेरापी, फिजियोथेरापिष्ट पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।

६. **स्वास्थ्य, हेल्थ एजुकेशन, स्वास्थ्य शिक्षा प्रशिक्षक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातक उपाधि प्राप्त ।

७. **स्वास्थ्य, मे.ल्या. टे., ज.मे.ल्या.टे., मे.ल्या.टेक्नोलोजिष्ट पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त ।

८. **स्वास्थ्य, हेल्थ इन्सपेक्सन, जनस्वास्थ्य अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त ।

९. **स्वास्थ्य, मेडिकल रेकर्डस, मेडिकल रेकर्डर अधिकृत पदको लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातक उपाधि प्राप्त ।

१०. **स्वास्थ्य, फार्मेसी, फार्मेसी अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक उपाधि प्राप्त ।

**नोटः- क) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नहुनुपर्ने छ ।**

**ख) दरखास्त दिने उमेवादरहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी परिषदमा दर्ता/नविकरण भएको हुनुपर्ने छ ।**

**ग) अयोगको मिति २०७२।७।२४ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवाका सातौं र आठौं तहका पदहरुको द्वितीय चरणमा १० पूर्णाङ्कको सामूहिक परीक्षण** (Group Test) **परीक्षा सञ्चालन हुनेछ ।**

## द्रष्टव्यः (निजामती, स्वास्थ्य तथा व्यवस्थापिका संसद सेवा सबैको लागि):

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा १०, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ तथा व्यवस्थापिका संसद सचिवालय ऐन, २०६४ को दफा २० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(च) आयोगद्वारा तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(छ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(ज) लिखित परीक्षामा उत्तीर्ण हुने उमेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरीकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफूले दरखास्त दिन लागेको सेवा, समूह सम्बन्धी परिषदमा दर्ता हुनु पर्ने पदहरु भएमा सो परिषदमा दर्ता/नविकरण भएको प्रमाणपत्रको सक्कल प्रति, स्तर वृद्धि भएको भए स्तर वृद्धि भएको पत्र ( स्वास्थ्य सेवाको पदमा आवेदन गर्नुहुने उमेदवारको लागि) तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उमेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(झ) प्रत्येक सेवा अन्तर्गत एक समूह/उपसमूहको लागि खुला र समावेशी प्रतियोगिता (किसिम/समूह) का आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

(ञ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण (ट्रान्सकृप्ट) प्राप्त गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उमेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ठ) परीक्षार्थीले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ड) पाठ्यक्रम आयोगको **Website: www.psc.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

(ढ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण Online फाराम भर्ने क्रममा हेर्न सकिने छ ।

(ण) लिखित परीक्षा हुने विज्ञापनहरुको लागि मात्र Online दरखास्त आह्वान गरिएको छ ।

## (निजामती, स्वास्थ्य तथा व्यवस्थापिका संसद सेवा सबैको लागि):

### समावेशी समूहतर्फ दरखास्त दिदा पेश गर्नुपर्ने थप कागजातहरु

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उमेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनु पर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र,

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवाका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) र नेपाल स्वास्थ्य सेवाका पदहरुको लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) र व्यवस्थापिका संसद सचिवालय सम्बन्धि सेवाको पदहरुको लागि व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ दफा ७ को उपदफा (६) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम आयोगमा बुझाउने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिश ।

(च) स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको व्यहोरा पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ (७), नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(५) र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ७ (६) को स्पष्टिकरण खण्ड (१)मा उल्लेख भएको जिल्लामा विवाह गरी वा वसाइसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र वसाइसराईको हकमा छाडेको र गएको गा.वि.स./न.पा.को वसाई सराई गरेको व्यहोरा खुल्ने कागजात ।

## Online मार्फत् दरखास्त पेश गर्ने विधि/तरिकासम्बन्धी विवरण तथा ध्यान दिनुपर्ने विषयहरु

**क) दरखास्त फाराम भर्नुभन्दा पहिले उमेदवारहरुलाई आवश्यक पर्ने कुराहरु**

१. उमेदवारको दुवै कान देखिने 150 Pixel को Scanning गरेको वा Camera बाट खिचेको पासपोर्ट साइजको Digital फोटो ।
२. उमेदवारको दस्तखतको Digital कपी ।
३. कार्यअनुभव र असाधारण विदा सम्वन्धी विवरण खुलाउनु पर्ने पदहरुको हकमा Online दरखास्त सम्वन्धी Website मा रहेको **"अनुभव र असाधारण विदा सम्वन्धी विवरण फाराम"** Download गरी आवश्यक विवरणहरु खुलाई विभागीय प्रमुख/कार्यालय प्रमुखबाट प्रमाणित गरी Scanning गरेको Digital कपी ।
४. न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्रको Digital कपी ।
५. उमेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता, तालिम, अनुभव लगायत दरखास्त फाराममा माग गरिएका अन्य विवरणहरु ।

**ख) User Profile बनाउने तरिका**

१. आयोगको Website www.psc.gov.np मा रहेको Online Application मा Click गरेपछि प्राप्त हुने Screen मा देखिने Window को User Manual राम्रोसँग अध्ययन गरी SignUp Menu मा Click गर्नुपर्नेछ ।
२. उम्मेदवारले प्रारम्भिक दर्ता फाराममा उल्लेख भएका सम्पूर्ण विवरणहरु भर्नुपर्दछ । यसरी विवरणहरु भरिसकेपछि फारामको अन्त्यमा रहेको Save Button मा Click गर्नुपर्नेछ । उमेदवारले एक पटक व्यक्तिगत विवरण भरिसकेपछि पटक पटक भरिरहनु पर्ने छैन ।
३. त्यसपछि उमेदवारको User Name र Password सहितको Message देखिनेछ । Message उमेदवारले उपलब्ध गराएको मोबाइल नम्बरमा समेत प्राप्त हुनेछ ।
४. यसरी प्राप्त गरेको User Name र Password बाट नै उमेदवारले Sign In गर्नुपर्नेछ । पहिलोपल्ट Sign In गर्दा उमेदवारले आफ्नो Password परिवर्तन गर्ने Window देखा पर्नेछ । उमेदवारले आफ्नो अनुकूलको नयाँ Password राख्नु पर्नेछ । यसरी रखेको Password उमेदवारको मुख्य Password हुनेछ र प्रत्येक पटक Sign In गर्दा सोही User Name र Password प्रयोग गर्नु पर्नेछ ।
५. आफ्नो व्यक्तिगत विवरणहरु ध्यान दिएर भर्नु पर्नेछ, एकपटक भरिसकेको यस्तो विवरणहरु पुनः आफैले परिवर्तन गर्न सकिने छैन ।

**ग) Online बाट दरखास्त भरी Submit गर्ने तरिका**

१. फाराम भर्नुपूर्व आयोगको Website मा रहेको "Online दरखास्त फाराम भर्दा ध्यान दिनुपर्ने कुरा र अपनाउनु पर्ने विधि" Download गरी ध्यानपूर्वक अध्ययन गर्नुहोला ।
२. Online मार्फत दरखास्त फाराम भर्ने उमेदवारले माथिको खण्ड (ख) मा उल्लेख भएअनुसार Create गरेको आफ्नो User Name बाट Log In गरी आवश्यक थप विवरणहरु भर्दै जानु पर्दछ । प्रत्येक Window को अन्त्यमा रहेको Next Bottom मा Click गरी वैयक्तिक विवरण, सम्पर्क विवरण, शैक्षिक योग्यता, तालिम, अनुभव, फोटो लगायतका विवरणहरु क्रमैसँग भर्दै जानुपर्नेछ । भरिसकेका विवरणहरु सच्याउनु परेमा Back Button मा Click गर्नु पर्नेछ ।
३. उम्मेदवारले आफ्नो विवरणहरु सत्य, तथ्य र प्रष्ट रुपमा भर्नु पर्नेछ । झुटा विवरण पेश गरेको ठहरिएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ । साथै प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।
४. Upload को स्थानमा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको पासपोर्ट साइजको (कम्तीमा 150 Pixel) फोटो, स्पष्ट देखिने दस्तखतको नमूना र न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र Scan गरी Upload गर्नुपर्नेछ । Upload गर्नुपर्ने Document को Filename English मा हुनुपर्नेछ (Unicode प्रयोग गर्नु नहुने) र जसको Extension .JPEG हुनुपर्नेछ । Upload गर्नुपर्ने Document को Maximum Size 500KB सम्मको हुनु पर्नेछ ।
५. फोटो, दस्तखत र न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र Upload गरिसकेपछि Next Button मा Click गरेर आफूले भरेका सम्पूर्ण व्यक्तिगत विवरणको Preview हेर्न सकिनेछ । केही विवरण छुट तथा विवरण सच्याउनु पर्ने भएमा Back Button प्रयोग गरी सोही ठाउँमा गई सच्याउन सकिनेछ ।
६. उमेदवारले भरेका विवरणहरु Preview गरेपछि Submit Window मा गई View All Button मा Click गरी आयोगबाट प्रकाशन भएका विज्ञापनहरुको सूची हेर्न सकिनेछ ।
७. आफूले दरखास्त दिन चाहेको सेवा, समूह, श्रेणी र पदको लागि आयोगबाट प्रकाशन भएका विज्ञापन कोड नम्बरमा Click गरी आफ्नो शैक्षिक योग्यताले मिल्ने पद छनौट गर्नुपर्नेछ ।
८. छनौट गरेको विज्ञापन नम्बरमा Click गरपछि आ.प्र., खुला तथा समावेशी समूहको पदसंख्या सहितको सूची देखा पर्नेछ । देखिएको सूचीमध्ये आफूलाई मिल्ने आ.प्र., खुला/समावेशी जुन समूहमा दरखास्त दिन चाहेको हो सो समूहको सूचीमा रहेको Checkbox मा Click गरी Process Button मा Click गर्नुपर्नेछ । एउटै पदनाम भएको विज्ञापन अन्तर्गत आफूले दरखास्त दिन चाहेको आ.प्र., खुला र विभिन्न समावेशी समूहहरुको विज्ञापन नं. यकीन गरी एकैपटक Checkbox मा Click गरी Process Button मा Click गर्नु पर्नेछ । एकपटक दरखास्त Submit भइसकेपछि पुनः सोही विज्ञापन अन्तर्गतको अन्य समूहमा दरखास्त दिन नसकिने हुँदा यस विषयमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।
९. Process गरिसकेपछि देखिने Window मा पाठ्यक्रमको ढाँचा र आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी जानकारी प्राप्त हुनेछ । उमेदवारले प्राप्त गरेको शैक्षिक योग्यता र दरखास्त दिने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता मिल्ने पदमा मात्र दरखास्त दिनु पर्नेछ । शैक्षिक योग्यता नमिल्ने पदमा दरखास्त दिएमा दरखास्त रद्द हुनेछ ।
१०. विज्ञापन हुँदाका बखत आयोगद्वारा तोकिएको शर्तहरु अध्ययन गरी उमेदवारले मञ्जुर भएको छु भनी स्वयम् घोषणा गरेको I Agree to the Terms and Conditions of PSC Button मा Click गर्नु पर्नेछ ।
११. यी सबै प्रक्रियाहरु पूरा भएपछि आफ्नो दरखास्त फाराम पेश गर्नका लागि उमेदवारले Submit Button मा Click गर्नु पर्नेछ ।
१२. Submit गरिसकेपछि उमेदवारले आफ्नो Master ID सहितको दरखास्त फाराम बुझाएको भर्पाई देखा पर्नेछ । सो भर्पाईलाई Print गरी सुरक्षित राख्नु पर्नेछ । साथै Master ID सहितको दरखास्त प्राप्त भएको Message उमेदवारको मोबाइलमा समेत प्राप्त हुनेछ ।
१३. एकभन्दा बढी विज्ञापनमा दरखास्त बुझाउने उमेदवारले पुनः Submit Window भित्रको View All Button मा Click गरी आवश्यक विज्ञापन छनौट गर्नु पर्नेछ ।
१४. दरखास्त दिने अन्तिम समयतिर धेरै उमेदवारहरुले हतारमा दरखास्त भर्ने चलन हुँदा सो समयमा Server Busy हुन गई दरखास्त Submit गर्न बाधा पर्न सक्ने भएकोले समयमा नै दरखास्त Submit गर्नु उपयुक्त हुन्छ ।

**घ) परीक्षा दस्तुर बुझाउने तरिका**

१. उमेदवारले आफूले प्राप्त गरेको Master ID सहितको भर्पाई लिई आयोगको जुनसुकै कार्यालय (केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु, अञ्चल कार्यालयहरु र काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र) मा गई कार्यालय समयमा तोकिएको परीक्षा दस्तुर अन्तिम मिति सकिएको १५ दिन पछि मात्र प्रवेशपत्र जारी हुनेछ ।
२. दरखास्त फाराम भर्ने दोब्बर दस्तुरको अन्तिम मिति सकिएको १५ दिनपछि मात्र प्रवेशपत्र जारी हुनेछ ।

**ङ) <u>प्रवेश पत्र लिने तरिका</u>**

१. दरखास्त फाराम स्वीकृत भई रोल नम्बर जारी भएपछि दरखास्त फाराम स्वीकृत भएको व्यहोरा उमेदवारले आफूले उपलब्ध गराएको मोबाइलमा SMS मार्फत् प्राप्त हुनेछ । यस्तो जानकारी प्राप्त भएपछि प्रवेश पत्रका लागि आफ्नो User Name र Password बाट Sign In गर्नु पर्नेछ ।

२. Sing In गरपछि देखिएको Window भित्र Home Menu को E-Admit Card मा Click गरी आफूले फाराम भरेको विज्ञापनको प्रवेश पत्र हेर्न सकिनेछ । सोही प्रवेशपत्र Print गरी परीक्षा दिन आउँदा अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

***Online दरखास्त सम्बन्धी विषयमा थप जानकारी आवश्यक परेमा आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरु र काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।***